मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# अन्तर्राष्ट्रिय मजदुर दिवसको शुभकामना!



देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी/दाजुभाइहरुमा विश्वभरका श्रमिकहरुको अधिकार स्थापित भएको दिन अर्थात् अन्तर्राष्ट्रिय मजदुर दिवसका अवसरमा सुख, शान्ति, समृद्धि एवं श्रम अधिकार सुनिश्चितताको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।

दिनरात श्रम गरेर हातमुख जोर्ने श्रमजीवीहरुको हक, अधिकार र स्वतन्त्रतालाई स्थापित गर्दै सबै वर्गका मजदुरहरुलाई एकताको सूत्रमा बाँध्न यस दिवसले सहयोग गर्ने विश्वास मैले लिएको छु । श्रमको सम्मान गर्ने शासन नै लोकतन्त्र हो । विसं २००७ को ऐतिहासिक जनक्रान्तिको जग विराटनगर मजदुर आन्दोलन नै थियो । यस अवसरमा विसं २०१६ मा नेपाली कांग्रेसको जन-निर्वाचित सरकारले कारखाना र मजदूरसम्बन्धी कानुन तर्जुमा गरेर, मजदुरहरुलाई कानुनसम्मत् अधिकार प्रदान गरेको सन्दर्भ स्मरण गर्दछु ।

मुलुकमा भएका विभिन्न चरणका राजनीतिक आन्दोलनहरुको अग्रपंक्तिमा जुट्ने श्रमिक वर्गको उच्च योगदानको सम्मान गर्दै मुलुकमा समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने संवैधानिक प्रावधानले मूर्तरुप लिन सकेमात्र यो वर्गको उचित सम्मान हुनेछ । शासन व्यवस्था संस्थागत हुने क्रममा नेपाली श्रम क्षेत्रमा अझै पनि अनेकन समस्या छन् । ती समस्याहरुको क्रमैसँग समाधान गर्दै मजदूर वर्गको हक, हित सुरक्षाका लागि गण्डकी प्रदेश सरकार सदा प्रतिबद्ध छ । मजदुर वर्गको आर्थिक हैसियत माथि उकास्न सकेमात्र राजनीतिक परिवर्तनले सार्थकता पाउन सक्छ । यस अवसरमा सम्पूर्ण मजदुर वर्गमा पुन शुभकामना व्यक्त गर्दछु ।

मिति : २०८० वैशाख १८

सुरेन्द्रराज पाण्डे